# प्रदेश सभाको बैठकमा
# प्रदेश प्रमुख माननीय रत्नेश्वरलाल कायस्थज्यूद्वारा प्रस्तुत
# आ.व.२०७६/७७ को
# प्रदेश सरकारको नीति तथा कार्यक्रम

प्रदेश सरकार
प्रदेश नं.२
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
जनकपुरधाम, धनुषा
२०७६ साल

**माननीय सभामुख,**
**माननीय सदस्यहरु ।**

१. आज यस प्रदेश सभाको गरिमामय बैठकमा प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाई गौरवको अनुभुति भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि नेपाली जनताले गरेका जन-आन्दोलन, सशस्त्र संघर्ष, जनयुद्ध, मधेश जनविद्रोह,मधेस आन्दोलन,थरुहट आन्दोलन, जनजाति आन्दोलनका साथै विभिन्न अधिकार प्राप्तिको आन्दोलनहरुबाट अपेक्षित चाहना एवम संविधान निर्माणको क्रममा र तत् पश्चात उठेका विभिन्न जनचाहनाहरु लगायत जातिय, क्षेत्रिय, लैंगिक असन्तुष्टिहरुलाई समेत सम्बोधन गर्दै सम्पुर्ण जनतालाई विकास तथा समृद्धिको बाटोमा समाहित गर्दै लैजानु आजको मूल आवश्यकता रहेको छ ।

२. मिति २०७६ साल वैशाख १७ गते राती करिब ९ बजे बारा र पर्सा जिल्लामा आएको टोर्नाडो नामको आँधिबाट भएको ठूलो जनधनको क्षति उपर प्रदेश सरकार स्तब्ध छ र आँधि हुरीबाट ज्यान गुमाउनेहरुको परिवारप्रति समवेदना व्यक्त गर्दै घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ । प्रदेश नं दुईको जनतामाथि परेको यो पीडामा प्रदेश सरकार पीडितहरुको सदा साथमा छ र रहनेछ ।

३. यस प्रदेशको समृद्धि समग्र नेपालको समृद्धिसंग जोडिएको छ । प्रदेश सरकारको यो नीति तथा कार्यक्रम नेपालको संविधान, नेपाल सरकारको आर्थिक नीति, नेपाल सरकारको आवधिक योजना तथा दीर्घकालीन क्षेत्रगत नीतिहरु, सहश्राव्दी विकास लक्ष्य र दिगो विकास लक्ष्य लगायत नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धताहरु, प्रदेश सरकारले चालु बर्ष ल्याएको नीति तथा कार्यक्रम र योजनाहरुको कार्यान्वयन गर्ने तथा दिगो विकास लक्ष्य अन्तर्गत प्रादेशिक प्राथमिकताहरु तय गर्दै सो हासिल गर्ने दिशामा यो नीति तथा कार्यक्रम उन्मुख रहेको छ ।

४. समतामुलक समाज निर्माण, समानुपातिक समावेशी सिद्धान्त तथा पहिचानमा आधारित समाजवाद उन्मुख समृद्ध प्रदेश निर्माण एवम् सन् २०३० अगावै दिगो विकासका लक्ष्य हासिल गर्ने र विश्व मानक अनुरुप मध्यम आय भएको देशमा पुग्ने नेपाल सरकारको प्रतिबद्धतालाई ध्यानमा राखिएको छ ।

५. नेपाल सरकारको पन्ध्रौ पंचवर्षिय योजना (आ.व.२०७६/७७ -२०८०/८१) मा उल्लेखित लक्ष्य, उद्देश्य रणनीति र प्राथमिकता तथा प्रदेश सरकारको पहिलो पंचवर्षिय योजना (आ.व.२०७६/७७ -२०८०/८१) को लक्ष्य, उद्देश्य रणनीति र प्राथमिकतालाई ध्यानमा राखि समष्टीगत र विषयगत क्षेत्रका निर्दिष्ट लक्ष्य हासिल गर्ने उद्देश्य लिई आगामी आ.व.२०७६/७७ को नीति तथा कार्यक्रमहरु प्रदेश सरकारद्वारा तयार गरिएको छ ।

६. संघीय सरकारबाट अगामी दिनमा प्राप्त हुने राजस्व हस्तान्तरण तथा विभिन्न अनुदान रकमको बाँडफाँड मानव विकास सुचकाङ्क, जनघनत्व तथा आर्थिक र सामाजिक विकासका विविध परिसूचकहरुको आधारमा हुनुपर्ने र प्रादेशिक आकांक्षालाई परिपूर्ण गर्ने विभिन्न परियोजनालाई कार्यान्वयन गर्ने जिम्मेवारी प्रदेश तथा स्थानीय सरकारको भएकोले संघीय सरकारले त्यसमा सहयोगीको भुमिका खेल्ने विश्वास लिइएको छ ।

७. प्रदेशको जनसांख्यिक तथ्यांक, शिक्षा, स्वास्थ्य, लैंगिक, भाषा, जाति, पेशा, आर्थिक परिसूचकहरु, भौतिक पूर्वाधार, रोजगारी, वैदेशीक रोजगार, आवास लगायत सम्पूर्ण तथ्यांकलाई अद्यावधिक गरिनेछ ।

८. यस प्रदेशको प्रत्येक जिल्लामा विकास निर्माणलाई तीब्र गति दिन **“एक जिल्ला एक प्रादेशिक नमूना परियोजना”** बनाउने नीति प्रदेश सरकारले लिएको छ ।

९. प्रदेशको मुख्य आर्थिक स्रोत कृषि नै हो । कृषिलाई आधुनिकीकरण र प्रविधिमैत्री नगरी प्रदेशको उन्नती असम्भव रहेकोले कृषिमा संरचनागत परिवर्तन गरी प्रदेशको सामाजिक तथा आर्थिक रुपान्तरण गर्ने लक्ष्य लिई प्रदेश नं २ लाई कृषिप्रधान बनाउने अवधारणा अगाडि बनाउने नीति सरकारले लिएको छ ।

१०. आर्थिक तथा सामाजिक रुपान्तरणको लागि साझेदारी विकासको अवधारणालाई आत्मसात् गरी प्रदेश सरकारले सार्वजनिक नीजि साझादारी नीति लिएको छ।

**माननीय सदस्यहरु,**

११. विभिन्न आन्दोलन, निरन्तर संघर्ष र मधेशी जनताको बलिदानको फलस्वरुप प्राप्त संघीय व्यवस्थामा वर्षौदेखि थिचिएर रहेका जनताको आफ्ना आकांक्षाहरु प्रदेश सरकारबाट पुरा हुने अपेक्षा गर्नु स्वभाविकै हो । जनताका यस्ता आकांक्षाहरु पूरा गर्न र प्रदेशको समग्र विकास गर्न यो सरकार अत्यन्त संवेदनशील छ र आतुर पनि छ । तर कर्मचारीको अभाव, संघीय सरकारवाट अपेक्षा गरिए अनुसारको सहकार्यको अभाव, प्रदेश सरकार संचालनको नयाँ अनुभव, नीतिगत कमजोरी, कानूनको कमी, संस्थागत एवं व्यवस्थापकीय प्रबन्धहरु पूर्ण रुपेण हुन नसकेकोले विकास निर्माण र परिवर्तनका अनुभूति हुने गरी आर्थिक बर्ष २०७५/७६ का कार्यक्रमहरु जनअपेक्षा अनुरुप संचालन हुन सकेन ।

१२. संघीयता कार्यान्वयन, आर्थिक रुपान्तरण र सामाजिक रुपान्तरण यो नीति तथा कार्यक्रमको महत्वपूर्ण आधार स्तम्भ हुन । यही आधार स्तम्भका आधारमा प्रदेश सरकारद्वारा विकासका कार्यक्रमहरु निर्धारण गरिनेछ ।

<u>संघियता कार्यान्वयन र सुशासन</u>

१३. प्रदेशभित्रको प्रत्येक २ वा ३ स्थानीय तहका लागि एकीकृत प्रादेशिक सेवा केन्द्रहरु स्थापना गरी एकद्वार प्रणाली मार्फत सेवा प्रवाह गरिनेछ । स्थानीय तहसंगको सम्बन्धलाई प्रभावकारी बनाइने छ । स्थानीय तहसँग समन्वय गर्दै सन्तुलित विकासको लागि आवश्यक श्रोत साधन उपलब्ध गराउने नीति सरकारले लिएको छ र उपलब्ध स्रोत साधनको उपयोग र विकासको उचित अनुगमन समेत गरिनेछ ।

१४. प्रदेश सरकार सुशासनप्रति प्रतिबद्ध छ । प्रदेशभित्र भ्रष्टाचार नियन्त्रण गर्न तथा सेवा प्रवाह चुस्त, दुरुस्त बनाउन प्रदेश सुशासन आयोगको गठन गरी आयोगलाई प्रभावकारी बनाइनेछ । नागरिक वडापत्रहरुको प्रभावकारी कार्यान्वयन र सेवा प्रवाहको प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाइनेछ । **"प्रादेशीक सरकार, सुचनाको अधिकार"** नारालाई मुर्तरुप दिन आगामी बर्ष प्रदेश सुचना आयोग गठन सम्बन्धी कानून निर्माण गर्ने लक्ष्य सरकारले लिएको छ । प्रदेश सरकार र आमजनता बीच प्रत्यक्ष सम्पर्क कायम गर्न **"जनतासंग मुख्यमन्त्री"** कार्यक्रम संचालन गरिने छ ।

१५. प्रदेश लोक सेवा आयोगको स्थापना गरी यसको भूमिकालाई प्रभावकारी बनाइनेछ । प्रदेश सरकारको संगठनात्मक संरचनालाई कार्यान्वयनमा ल्याइने छ । दरबन्दी अनुसारका प्राविधिक तथा प्रशासकीय पदहरु पूर्ति गरिने छ ।कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न समय समयमा तालिमको प्रबन्ध गरिनेछ । यसका लागि जनकपुरको मुजेलियामा रहेको प्रशिक्षण प्रतिष्ठानलाई कानूनद्धारा व्यवस्थित गरी **"प्रदेश जनशक्ति क्षमता विकास केन्द्र"** को रुपमा स्तरोन्नती गरिने छ । आगामी आर्थिक बर्षमा प्रदेश कर्मचारी र प्रहरी भर्ना गरी संघियतालाई सुदृढ गर्दै लैजाने लक्ष्य प्रदेश सरकारको रहेको छ । प्रदेश लोकसेवा आयोगले कर्मचारी छनौट गर्दा योग्यता प्रणालीलाई जोड दिने नीति सरकारले लिएको छ ।

१६. **"प्रदेश प्रशासनिक पूर्नसंरचना आयोग"** को प्रतिवेदन कार्यावन्यन गरिने छ ।

१७. सार्वजनिक सेवाको प्रभावकारी वितरण, पारदर्शिता तथा उत्तरदायित्व, सार्वजनिक अनुगमन, सुदृढ आन्तरिक लेखा परीक्षण, सार्वजनिक लेखा एव कार्य सम्पादन परीक्षण र सार्वजनिक वित्तीय व्यवस्थापन सुनिश्चितता गरी प्रदेश प्रशासनमा नविन प्रविधिको प्रयोगबाट **स्वच्छ प्रशासन** कायम गरिनेछ ।

१८. प्रदेश प्रशासन चुस्त, दुरुस्त तथा प्रविधि मैत्री बनाईने छ । प्रदेश लोक सेवा आयोगबाट लिइने परिक्षालाई मर्यादित र गुणस्तरीय बनाउन आवश्यक सम्पूर्ण साधन श्रोत उपलब्ध गराइनेछ । साथै, यस प्रदेशका युवालाई सुचना प्रविधिमैत्री बनाउन आवश्यकता अनुसार कम्प्युटर प्रोफेसनल कोर्स उपलब्ध गराउने गरी आवश्यक कार्यक्रम संचालन गर्ने लक्ष्य प्रदेश सरकारले लिएको छ ।

१९. जनतालाई सुशासनको अनुभुति दिलाउन र आर्थिक अनियमितता हुन नदिन प्रदेश सरकारले प्रदेश सार्वजनिक खरिद सम्बन्धी कानून निर्माण गर्नेछ ।

२०. जनता प्रत्यक्षतः लाभान्वित हुने गरी प्रदेशको चौंसठी वटै निर्वाचन क्षेत्रमा न्युनतम "**एक निर्वाचन क्षेत्र एक योजना**" संचालन गरिनेछ । साथै, सवै निर्वाचन क्षेत्रमा सन्तुलित र समतामुलक तरिकाले विकास निर्माणको बजेट बाँडफाँड गर्ने नीति प्रदेश सरकारले लिएको छ ।

२१. संघियतालाई संस्थागत गर्न र प्रादेशिक स्वायत्तताको लागि प्रदेश सरकार निरन्तर प्रयत्नशिल रहे फलस्वरुप प्रदेश प्रहरी ऐन, करारमा कर्मचारी भर्ना सम्बन्धी ऐन लगायतका १६ वटा कानूनहरु प्रदेश सभाबाट पास भई कार्यान्वयमा आएको र संविधानको अनुसुची ६ अर्न्तगत प्रदेशको एकल अधिकारको सुचीमा रहेका विषयसँग सम्बन्धित प्रदेश लोकसेवा आयोग विधेयक, प्रदेश निजामती सेवा विधेयक, प्रदेश प्रशासन विधेयक लगायत करीब ३४ वटा विधेयकहरुको मस्यौदा गर्ने कार्य समेत सम्पन्न गरी प्रदेश सभा समक्ष पुर्याउंन प्रदेश सरकार सफल रहेको छ । आगामी बर्ष संविधानको साझा सुचीमा रहेका अधिकारहरुको कानून मस्यौदा गर्ने लक्ष्य लिई प्रदेश सरकार संघियता सुदृढिकरण गर्दै लगिने कार्यमा अग्रसर छ ।

२२. प्रदेश सरकारबाट गरिव, विपन्न, असहाय नागरिकलाई दिइदै आएको निशुल्क कानूनी सहायता प्रदान गर्ने कार्यलाई यस वर्ष पनि निरन्तरता दिइनेछ । यस प्रदेशको १३६ वटै स्थानीय तहमा रहेका न्यायिक समितिका पदाधिकारीहरुको न्याय निरुपण सम्बन्धी क्षमता अभिवृद्धि गर्ने कार्यमा सहयोग गर्ने नीति सरकारले लिएको छ ।

२३. फौजदारी दायित्वका मुद्दामा प्रदेश प्रहरीले अनुसन्धान गर्ने तथा प्रदेशका मुख्य न्यायाधिवक्तालाई फौजदारी अभियोजनको अधिकार सुनिशिचित गराउन र प्रदेशले वनाउने कानूनहरुमा कैदको व्यवस्था गर्न पाउने संविधानको मनसायलाई कार्यान्वयनमा ल्याउने सन्दर्भमा ३ बर्षसम्म कसुर सजाय हुने फौजदारी मुद्दामा अभियोजनको अधिकार मुख्य न्यायाधिवक्तलाई दिने गरी संघीय कानून संसोधनका लागि संघीय सरकारसंग प्रदेश सरकारले कानूनी, संवैधानिक र राजनीतिक रुपमा सम्पूर्ण उपायहरु अपनाउने नीति लिएको छ ।

२४. जनतालाई सुशासनको अनुभुति हुने गरी प्रदेशमा हुने समग्र गतिविधहरुको अनुगमन एवम् परिक्षण गर्न र अनुगमन तथा परिक्षणबाट कुनै कमजोरी वा कमसल देखिएमा आवश्यक कानूनी कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न मुख्यमन्त्रीको प्रत्यक्ष निगरानीमा रहने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा "**एक प्राविधिक इकाई**" रहने छ ।

२५. स्थानीय एवं प्रादेशीक महत्वका कमला, वागमती, नारायणी सिँचाइ आयोजनाहरु, हर्दीनाथ सिंचाई, कोशी चन्द्रनहर, जनताको तटबन्द, जितपुर उखुबाली परिवानीपुर, कृषि अनुसन्धान केन्द्र, तेल बाली नवलपुर सर्लाही, उष्ण प्रदेशीय वागवानी केन्द्र नवलपुर सर्लाही, हर्दीनाथ धान वाली,वरमिया जनकपुर, मत्स्य

मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्र, उष्ण प्रदेशीय वागवानी नर्सरी केन्द्र,राईजोवियम तथा घाँसेवाली विउविजन प्रयोगशाला जनकपुर, घाँसेवाली अणुवांशीक श्रोत केन्द, रंजितपुर सर्लाही, कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र, नक्टाभिज लगायतका कार्यालयहरु प्रदेश सरकारलाई हस्तान्तरण गर्न संघीय सरकारसंग पहल गरिने छ ।

२६. **"एक शहीद परिवार, एक रोजगार"** योजना अर्न्तगत मधेश आन्दोलनमा शाहदत प्राप्त गरेका शहीद परिवारलाई रोजगार उपलब्ध गराइएको छ र यसलाई स्थायित्व प्रदान गरिनेछ । मधेश आन्दोलनको शहीद परिवार रोजगार योजनाको अनुगमन तथा कार्यान्वयन, शहीद परिवारको रेखदेख, शिक्षा, स्वास्थ्य, समाजिक सुरक्षा लगायका कार्य गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा एउटा छुट्टै इकाई स्थापना गरिने छ । मधेश आन्दोलनमा शहादत प्राप्त गरेका वीर शहिदहरुका सन्तानहरुको अध्ययनको अभिभारा प्रदेश सरकारले लिनेछ । मधेश आन्दोलनमा सख्त घाईते भई विकलाङ्ग भएका व्यक्तिहरुको सहयोगार्थ ती परिवारका वालवालिकाहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ । लोकतान्त्रिक आन्दोलनका शहीद तथा वेपत्ताहरुको परिवार र घाइतेहरुको सम्मान एवम् व्यवस्थापनमा प्रदेश सरकारले उचित ध्यान दिनेछ ।

२७. मधेश आन्दोलनका दुई सय घाइते परिवारहरुलाई प्रदेश सरकारले राहत उपलब्ध गराएको छ र यस कार्यलाई निरन्तरता दिनेछ ।

२८. **"मधेश आन्दोलन शहिद स्तम्भ तथा पार्क"** निर्माणलाई निरन्तरता दिइने छ । साथै, जनकपुरमा मधेश आन्दोलन शहिद संग्रहालय बनाउन विस्तृत अध्ययन योजना पुरा गरी निर्माण कार्य प्रारम्भ गरिने छ ।

२९. प्रदेश सरकार संचालनका लागि आधारभुत कानूनहरु निर्माण गर्न प्रदेश सरकार सफल भएको छ । यो आर्थिक बर्षलाई संयन्त्र निर्माणको बर्षको रुपमा लिदै कानून अनुसार गठन गर्नु पर्ने लोकसेवा आयोग, प्रदेश शिक्षक सेवा आयोग, प्रदेश भाषा, सँस्कृति तथा साहित्य प्रतिष्ठान, प्रदेश पर्यटन बोर्ड, प्रदेश दलित विकास परिषद, प्रदेश दुध विकास बोर्ड, चलचित्र विकास बोर्ड, प्रदेश सहकारी बोर्ड, सडक बोर्ड, प्रदेश अनुसन्धान व्यूरो र प्रदेश तथ्यांक विभागको गठन गरिने छ । त्यस्तै, प्रदेश लगानी बोर्डको स्थापना तथा प्रदेश कर्मचारी किताबखाना लगायतका संयन्त्रहरु पनि आगामी वर्ष स्थापना गरिनेछ ।

३०. प्रादेशिक पहिचान सहितको प्रदेश भवन काठमाडौंमा निर्माण गर्न संघीय सरकारसंग पहल गरिनेछ । सो भवन निर्माण नहुँदा सम्म अस्थाई भवनको व्यवस्थापन गरी प्रदेश भवनको रुपमा व्यवस्थित गरिने छ ।

३१. देश विदेशमा अध्ययन गरेका सिर्जनशील युवा विशेषयज्ञहरुको एउटा अवैत्तनिक युवा सल्लाहकार परिषद् गठन गरिने छ, जसले प्रदेश सरकारलाई समय समयमा विविध बिषयमा सल्लाह दिने छ ।

३२. प्रदेशभित्र खुला कारागारको अवधारणालाई अगाडी बढाउने नीति प्रदेश सरकारले लिएको छ । हाल प्रदेशभित्र रहेका कारागारहरुको भौतिक सुधारका लागि प्रदेश सरकारले संघीय सरकार, गृह मन्त्रालयसंग समन्वय र सहकार्य गर्नेछ ।

३३. **"प्रदेश सूचना प्रविधि पार्क"** स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने छ । प्रदेशमा डिजिटल प्रविधिको विस्तार गर्न अभियानको रुपमा डिजिटल साक्षरता कार्यक्रम संचालन गरिने छ । त्यस्तै, प्रादेशिक छापाखाना स्थापना गर्ने नीति प्रदेश सरकारले लिइएको छ ।

३४. **"प्रदेश प्रेस काउन्सिल"** गठन गरी प्रदेशभित्र रहेको संचार माध्यमको विकासमा सहयोग गर्ने नीति लिइएको छ । प्रदेशभित्रका मिडिया सशक्तिकरण तथा संचारकर्मीहरुको क्षमता अभिवृद्धि तथा सृजनात्मक कार्यमा सहयोगका लागि संचार विकास कार्यक्रम ल्याइनेछ ।

३५. प्रदेशमा रहेका प्रादेशिक ढाँचाका विभिन्न पेशागत संघसंस्थाहरुसंग प्रदेश सरकारद्वारा सम्बन्ध स्थापित गरिने छ । प्रदेश सरकारका कर्मचारीहरुलाई सुशासनतर्फ प्रोत्साहन गर्न कर्मचारीलाई तलब, भत्ता लगायत आवास सुविधा, स्वास्थ्य विमा, दुई सन्तानलाई सार्वजनिक विद्यालयमा शिक्षा सुविधा प्रदान गरिनेछ ।

## आर्थिक रुपान्तरण:

### कृषि

३६. श्रमिकको अभाव भई कृषि क्षेत्र प्रभावित भएकोले विकल्पको रुपमा यान्त्रिकरणलाई बढावा दिईनेछ । यसको लागि प्रदेश नं.२ मा रहेको कृषि यन्त्र परीक्षण तथा अनुसधान केन्द्र, नवलपुरबाट कृषि यन्त्र सञ्चालन सम्बन्धी तालिम प्रदान गरिने छ। यान्त्रिकरणलाई व्यवस्थित गर्न प्रत्येक पालीकामा Custom Hiring Centre स्थापना गरिने छ ।

३७. असन्तुलित रसायानिक मलको प्रयोग न्यूनीकरण गर्न प्रांगारिक मलको उपयोग बढाएर माटो मलिलो बनाउन तथा माटोको उर्वरा शक्ति कायम राख्न प्रांगारिक खेती (organic farming) लाई प्रोत्साहन गरिनेछ । प्रादेशिक स्तरको प्रांगारिक तथा जैविक मल को कारखाना एवम् जिंक उद्योग स्थापना गरिने छ ।

३८ सिंचाई विना कृषिमा फड्को मार्न असम्भव छ, त्यसैले सुनकोशी-कमला डाइभर्सन प्रोजेक्ट, सुनकोशी-मरिन डाइभर्सन प्रोजेक्टलाई अगाडि बढाउन संघीय सरकारसंग पहल गरिने छ । साथै, संचालित सिंचाई परियोजना अर्न्तगत नारायणी सिंचाई योजना, वागमती सिंचाई योजना, कमला सिंचाई योजना र कोशी सिंचाई योजनालाई प्रदेश मातहत ल्याउन पहल गरिने छ । जिल्लामा रहेका पानी सरबी (Perenial water sources) नदीनालाहरुमा वांध बनाई कुलो पइनी मार्फत सिंचाईको प्रवन्ध गरिनेछ । हाल बन्द तथा संचालनमा रहेको नहर एवम् बाँधहरुलाई मर्मत गरी सिँचाई उपलब्ध गराइने छ ।

३९. **"मुख्यमन्त्री किसान उत्थान"** आयोजना सञ्चालन गरिनेछ । जसमा साना किसानहरुलाई आर्थिक अनुदान दिनुका साथै कृषि ऋण, वीउ वीजन, मल खादको उपलब्धता, न्युनतम मूल्य निर्धारण, बजारको उपलब्धता सुनिशिचता गरिने छ ।

४०. कृषिको आधुनिकिकरण र प्रविधिको उपयोग गरी उत्पादन लागत न्यून गरिनेछ । विभिन्न वालीहरुको उत्पादन र उत्पादकत्व वढाउन पाकेटक्षेत्र निर्धारणको साथै वाली विविधिकरण गरी आधुनिक बाली विकास कार्यक्रम अर्न्तगत धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल,पुष्प खेती, मेवा खेती, केरा खेती, उँखु, घाँसेवाली आदिको उन्नत जात विकास कार्यक्रम संचालन गरिनेछ । धान, मकै, तरकारी तथा फलफूलको उत्पादन तथा उत्पादकत्व बढाएर आत्मनिर्भर हुनको लागि वर्ण शंकर प्राविधि (Hybrid Technology) को विकास गरिने छ ।

४१. नयाँ सिफारिस गरिएका उन्नत जातको वीउहरुको प्रचार प्रसारका लागि Large Plot Demonstration को रुपमा १०० विगाहासम्मको क्षेत्रफलमा वैज्ञानिक/प्राविधिक तथा कृषि ज्ञान केन्द्रको रेखदेखमा किसानको खेतमा सामुहिक खेती संचालन गरिनेछ ।

४२. प्रदेशभित्र विभिन्न प्रकारका फलफुल तथा तरकारीको पाकेट क्षेत्र पहिचान गरी Large Plot Demonstration को रुपमा उद्यमी, किसान तथा युवा रोजगारलाई लक्षित गरी पाइलट प्रोजेक्टको

रुपमा केरा, अम्वा, टमाटर, मेवा, सोहीजन, अनार जस्ता फलफूल तथा तरकारी आदिको मोडेल खेती शुरुवात गरिनेछ ।

४३. प्रदेशका सप्तरी, सिरहा, महोत्तरी, सर्लाही र धनुषा जिल्लालाई आँप सुपर जोनको रुपमा तथा धनुषाको ढल्केवर, सर्लाहीको लालबन्दी सहित बाग्मतीसम्मको क्षेत्रलाई गोलभेडाको सुपर जोनको रुपमा विकास गरिनेछ ।

४४. प्रदेशमा विद्यमान विभिन्न कृषि अनुसन्धान तथा प्रसार सम्वन्धी पूर्वाधार र प्रयोगशाला (माटो परिक्षण, वाली संरक्षण, Mobile Soil Testing Van, तथा जैविक प्रयोगशाला आदि) को व्यवस्था तथा स्तरोन्नति गरिनेछ । प्रत्येक जिल्लामा शीत भण्डार निर्माणको कार्यलाई आगामी बर्ष पनि निरन्तरता दिइने छ ।

४५. प्रदेशमा रहेको विभिन्न नदी, खोला नालाको वगर यकीन गरी सो बगरमा सहकारी खेतीको अवधारणा विकास गरिनेछ । Pilot Project को रुपमा Hitech Poly House को स्थापना गरी वेमौसमी तरकारी तथा फलफूल उत्पादन आठै जिल्लामा सुरुवात गरिनेछ । साथै विभिन्न बालीको बेर्ना उत्पादनको लागि आठै जिल्लामा Hitech Poly House को निमार्ण Public Private Co-operatives को अवधारणा अर्न्तगत गरिनेछ ।

४६. **“कृषिमा अनुदानले नभइ अभियानले विकास हुन्छ । रकम मात्र होइन, प्रोत्साहन** पनि **चाहिन्छ”** भन्ने अभियान अनुरुप युवा रोजगार लक्षित कृषि व्यवसायिक प्राविधिक सीप अभिवृद्धि तथा अद्यावधीकरण तालिमको थालनी गरी युवा तथा उद्यमी किसानहरुलाई व्यवसायिक किसान बनाईने लक्ष्य राखिएको छ । च्याउ खेती विस्तार एवम् तालिम कार्यक्रम पाइलट प्रोजेक्टको रुपमा प्रर्वद्धन गरिने छ ।

४७. प्रदेशभित्र वोरो तथा चैत्रे धानको खेती गर्नका लागि विशेष प्याकेट क्षेत्र पहिचान गरी विस्तार गर्न प्रोत्साहन दिइने छ ।

४८. माछाको नश्ल सुधार र स्थानीय माछा सम्बन्धी अध्ययन अनुसन्धान गरी उत्पादन र उत्पादकत्व बढाउन जनकपुर स्थित मत्सय मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्रलाई प्रदेश मातहत ल्याइनेछ । माछाको भुरा उत्पादन तथा मुल्य श्रृखंला अपनाई ह्याचरी दाना उत्पादन सम्बन्धी वृहत कार्यक्रम तर्जुमा गरिनेछ । माछा उत्पादनमा प्रदेश आत्मनिर्भर बनाइनेछ । मत्स्य पालन क्षेत्रमा माछा उत्पादन लाई प्रोत्साहन गरिनेछ । यसलाई ब्राण्डिङ गरिनेछ ।

४९. उन्नत जातको गाई, भैंसी, बाख्रा, कुखुरा, हाँस, वंगुर, टर्की, क्वेल, बटई आदिको पालन प्रवर्द्धन गरिने छ । उन्नत विर्य उत्पादन तथा नश्ल सुधारको कार्यकमलाई व्यापकता दिईनेछ । बोयर तथा सानेन वाखाको सम्भाव्यता अध्ययन गर्ने गरी पाइलट प्रोजेक्टको रुपमा प्रदेशको केही स्थानमा संचालन गरिने छ । कुखुरा तथा राङ्गा पालन विस्तार गरी सुव्यवस्थित गरिने छ । बाख्रा, भैंसी, गाई, बंगुर, माछा आदिको अनुसन्धान केन्द्रको स्थापना गरिने छ ।

५०. महोत्तरीको निगौल स्थित गौशालालाई प्रदेश सरकार मातहतमा ल्याई प्रदेश एनिमल ब्रिडिङ सेन्टर समेतको रुपमा विकास गर्ने नीति प्रदेश सरकारले लिएको छ ।

५१. विभिन्न घाँसे वालीहरुको अनुसन्धान, विकास तथा विस्तार गर्ने कार्यक्रम ल्याइने छ । घाँसेवालीहरुको विऊ वृद्धि कार्यक्रमलाई व्यापकता दिइनेछ । पशु वधशालाको स्थापना तथा विद्यमान वधशालालाई सुदृढ गरिनेछ । गाई, भैसी र अन्य पशु तथा पात-पतिङ्गरबाट भर्मी कम्पोस्ट मल वनाउने कार्यक्रम ल्याइनेछ ।

५२. विभिन्न कृषि कर्म (जोताइ, बुआई, रोपाई, गोडाई, कटाई, दाँई आदि) कृषियन्त्रद्वारा व्यवहारिक रुपमा किसानको खेतमा वैज्ञानिक/प्राविधिक र कृषि ज्ञान केन्द्रको रेखदेखमा प्रत्येक निर्वाचन क्षेत्रमा सो कार्यको वृहत प्रदर्शन तथा संचालन गरिनेछ । साथै, महिलामैत्री कृषि यान्त्रीकरणलाई व्यापकता दिइनेछ । वर्षमा दुईपटक वर्षे बाली तथा हिउँदे वालीलाई लक्षित गरी कृषि मेलाको आयोजना गरिने छ ।

**माननीय सदस्यहरु,**

५३. कृषकहरुद्वारा उत्पादित अन्नबालीहरु खरिद गर्नका लागि विभिन्न जिल्लाहरुमा कृषि मण्डीको स्थापना गर्ने व्यवस्था मिलाइनेछ । तरकारी, फलफूल तथा दूध आदिको संकलन केन्द्र स्थापना तथा बजारसम्म पुऱ्याउन आवश्यक सवारी साधनको वन्दोवस्तीमा अनुदानको व्यवस्था गरी काठमाडौँ लगायत देशका अन्य व्यापार केन्द्रसंग सम्पर्क स्थापित गर्नका लागि प्रदेश सरकारले सहजर्कताको भुमिका निर्वाह गर्न उधोग, वन तथा पर्यटन तथा भूमी व्यवस्था, सहकारी तथा कृषि मन्त्रालय सम्मिलित एक बजार विस्तार समिति गठन गरिने छ । उक्त संकलन केन्द्रमा चिस्यान गृहको साथै सहुलियत मूल्यमा तरकारी, फलफूल, दूध तथा दुधबाट उत्पादित सामानहरुको बिकी वितरण गरिने व्यवस्था मिलाइनेछ।

५४. अन्नबाली, फलफूल, तरकारीबाली, पशुपन्छी र माछापालनमा विमाको व्यबस्था गरिनेछ । विमाका लागि विमा कम्पनीहरुसंग सहकार्य गरी निरन्तर रुपमा सरकारी, नीजि विमा कम्पनी तथा प्रदेश सरकारवीच सहकार्यको वातावरण वनाइने छ । प्रदेशमा विकसित प्रविधिहरु एकै थलोमा झल्किने गरी एउटा नमुना कृषि गाउँको स्थापना गरिनेछ । खाद्य परीक्षण प्रयोगशाला प्रदेशमा स्थापना गर्न कार्यनीति ल्याइनेछ । उत्पादकत्व वृद्धिका लागि कृषि विद्युतीकरण गरिने नीति प्रदेश सरकारले लिएको छ ।

५५. प्रदेश सरकारले किसानहरुको प्रोत्साहनको निमित्त र परम्परालाई निरन्तरता दिन बर्षको एक दिन धान तथा होरहा (ओरहा) दिवस मनाउने छ ।

५६. स्थानीय तहका पशुसेवा शाखालाई पशुपंक्षी उपचार औजार सामग्री उपलब्ध गराइनेछ र विशेषज्ञ सेवाका लागि भेटनरी अस्पताल तथा पशुसेवा विज्ञसंगको सहकार्यमा व्यापकता ल्याइनेछ ।

५७. संघ अन्तर्गत यस प्रदेशभित्र रहेका जिल्लास्थित मालपोत र नापी कार्यालयलाई प्रदेश मातहतमा ल्याउन नेपाल सरकारसँग पहल गरिनेछ ।

५८. सरकारी जग्गा, ऐलानी पर्ती जग्गा, गुठी जग्गाहरुको एकीकृत संरक्षण तथा विकासको लागि भूमि व्यवस्थापन सम्बन्धी विधेयक आगामी आर्थिक वर्षमा प्रदेश सभामा पेश गरिनेछ ।

५९. धानको प्रोसेसिंग र आधुनिक मिलिंग र प्याकेजिंग गरी प्रदेश न. २ को नाउँमा ब्रान्डिङ् गरिनेछ ।

६०. कृषि क्षेत्रको समग्र विकासको लागि **"प्रदेश कृषि अनुसन्धान केन्द्र"** को स्थापना गरिनेछ ।

६१. विभिन्न वालीहरुको उन्नत विऊ विजन उत्पादन गर्न प्रदेश सरकारले नीजि विउ विजन कम्पनीहरुलाई प्रोत्साहन दिइने छ ।

६२. आँप, फलफूल र तरकारीका विभिन्न परिकारहरु बनाउन उद्योग स्थापनामा जोड दिइने छ ।

६३. कृषिलाई व्यवसायीकरण गर्न स-साना टुक्रामा विभाजित जमिनलाई उपयुक्त कानून निर्माण गरी चक्लाबन्दी खेती गर्न प्रोत्साहन गरिने छ । यसै क्रममा प्रदेश भित्रको प्रत्येक जिल्लामा छानिएका ५/५

गाउँपालिकाहरूमा परीक्षणको रूपमा कम्तिमा २०/२० विगाहा चक्लाबन्दी खेतीमा सहभागी किसानलाई प्रदेश सरकारले प्रति विगहा रु. दस हजारका दरले चक्लाबन्दी प्रोत्साहन रकम उपलब्ध गराउने छ।

६४. कृषि व्यवसायीकरणको लागि विद्यमान अनुदान दिने प्रणालीमा सुधार ल्याई किसानलाई अनुदानको सट्टा बैङ्कबाट ऋण लिन प्रोत्साहित गरी सम्झौता अनुसार काम सम्पन्न भैसकेपछि ऋणको पूर्वनिर्धारित अंश अनुदानको रुपमा सोझै बैंकलाई भुक्तानी गर्ने विकल्पको खोजि गरिनेछ।

६५. सम्बन्धित वैज्ञानिक एवम् प्राविधिक तथा कृषि ज्ञान केन्द्रको सहभागिता तथा रेखदेखमा किसानको खेतमा विभिन्न वालीहरुको गुणस्तरीय उन्नत बिउ उत्पादन कार्यक्रम संचालन गरिनेछ।

६६. प्रदेशमा डेरी उद्योगको स्थापना गरी यसको ब्राण्डिङ समेत गरिनेछ । डेरीको विभिन्न लोकप्रीय सामाग्री उत्पादन गर्ने उधोगलाई प्रोत्साहन गरिने छ र डेरीको लोकप्रियता बढाउन गाउँपालिकास्तरमा दुध सहकारी संस्थाले संचालन गर्ने गरी एक दुध भण्डार तथा चिस्यान केन्द्रको स्थापना गरिने छ।

६७. विभिन्न विकास कार्यमा प्रयोग हुने भू-उपयोग तथा टोपोग्राफिकल नक्सा तयार गरिने छ।.

६८. **"एक पालिका एक पोखरी सौन्दर्यीकरण"** गर्ने योजना सरकारको रहेको छ । यस योजना अन्तर्गत पोखरीको चौडाई विस्तार गर्ने, पानी जम्मा गर्ने, जम्मा भएको पानी सिँचाईको रुपमा प्रयोग गर्ने व्यवस्था मिलाई, पोखरीलाई सौन्दर्यीकरण गरी व्यवसायीक रुप दिइनेछ ।

६९. सतह तथा भूमिगत सिँचाइ प्रणालीहरुको सुदृढीकरण तथा आधुनिकीकरण गरी विद्यमान सिँचाई प्रणालीहरुको क्षमता अभिवृद्धि गरिनेछ।

**<u>उद्योग</u>**

७०. प्रदेशमा रहने महत्वपूर्ण निर्देशनालयहरु जस्तै- प्रदेश उधोग, वाणिज्य तथा आपुर्ति निर्देशनालय, प्रदेश युवा तालिम प्रशिक्षण केन्द्र, प्रदेश प्राविधिक विश्वविद्यालय पर्सा जिल्लाको बिरगंजमा स्थापना गरी **बिरगंजलाई मुलुककै आर्थिक राजधानी**को रुपमा विकास गर्न **बिरगंज विकास प्राधिकरण** गठन गरिनेछ । बिरगंजको एकिकृत विकासका लागि बिरगंज महानगरपालिकासंग सहकार्य गर्ने नीति प्रदेश सरकारले लिएको छ। यसका लागि बिरगंज महानगरपालिका र प्रदेश सरकारद्वारा संयुक्त रुपमा गुरु योजना तयार गरी एकिकृत रुपमा संयुक्त लगानी गर्नेछ।

७१. गजेन्द्र नारायण सिंह औद्यौगिक क्षेत्रलाई व्यवस्थित र आधुनिकीकरण गरी पुनः सञ्चालनमा ल्याईने छ।यस औधोगीक क्षेत्रमा उधोगहरु स्थापना गरी संचालनका लागि उद्योगीहरुलाई आकर्षित गर्ने अभिप्रायले बिजुली र जग्गा उपलब्ध गराईने छ । सुरक्षाको विषेश प्रबन्ध मिलाइनेछ । यस क्षेत्रमा स्थापना र सञ्चालनमा आउने उद्योगलाई प्रदेश सरकारले लिने सम्पूर्ण कर छुट हुने व्यवस्था गरिनेछ र यस क्षेत्रमा उद्योग स्थापनाको लागि सार्वजनिक आह्वान समेत गरिनेछ। गौर-चन्द्रनिगाहपुर, मलंगवा-नवलपुर, ढल्केवर-भिठामोड, जटही-जनकपुर, वीरगंज-कलैया, बिरगंज-ठोरी, सिराहाको माडर भन्सारदेखि चौहर्वासम्म र धनुषाको इनर्वादेखि महोत्तरीको वर्दीवाससम्मको रेलमार्गको आसपासमा औद्योगिक करिडोरको संभाव्यता अध्ययन पुरा गर्ने लक्ष्य सरकारले लिएको छ। वीरगंज- पथलैयाँ र राजविराज- रुपनी औद्योगिक करिडोरलाई व्यवस्थित गरिनेछ ।

७२. प्रदेशभित्र रहेका बिरगंज चिनी मिल, कृषि औजार लिमिटेड लगायतका बन्द उद्योग, कलकारखानाहरु पुनः सञ्चालनमा ल्याउन एवम् प्रदेश सरकारमा हस्तान्तरण गर्न र प्रदेशभित्र रहेका छोटी भन्सारहरु प्रदेश मातहतमा ल्याउन संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।

७३. प्रदेशमा सुविधा सम्पन्न होटेलहरु स्थापनाका लागि नीजि क्षेत्रलाई आकर्षित गर्न प्रदेश सरकारले बिशेष छुट तथा सहुलियत दिने नीति लिइएको छ ।

७४. मानव सृजित फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ । कलकारखानावाट हुने प्रदुषण नियन्त्रण गर्न प्रदुषण नियन्त्रण उपकरण जडान गर्न वाध्य गरिनेछ र यसको अनुगमन समेत गरिनेछ ।

७५. जडीबुटी उत्पादन तथा प्रशोधन उद्योगहरु स्थापना गर्न नीजि क्षेत्रलाई आकर्षित गरिनेछ । चुरे क्षेत्रको वनजंगलमा जडिबुटी उत्पादनका लागि आवश्यक पहल गरिनेछ ।

७६. नेपाल भ्रमण गर्ने विशेष गरी गुणस्तरीय भारतीय पर्यटकहरुको संख्यामा वृद्धि गराई प्रदेश नं २ लाई घुम्ने तथा मनोरंजनका केन्द्रको रुपमा आकर्षण गर्न उपयुक्त ठाउँहरुमा होटल व्यवसाय तथा मनोरंजन स्थलहरुको स्थापनाका लागि प्रोत्साहन गरिने छ ।

७७. मिथिला पेन्टिङ्गको ब्रान्डिंग गरी उत्पादन तथा सम्बर्द्धन गर्ने नीति प्रदेश सरकारले लिएको छ । यसका लागि प्रदेश कला, भाषा तथा सँस्कृति प्रतिष्ठान मार्फत प्रदेशभरी मिथिला पेन्टिंग तालिम कक्षा संचालन गरिने छ ।

७८. परम्परागत ज्ञान, शीप तथा पेशा संरक्षणका लागि साना तथा घरेलु उधोगहरु स्थापनामा प्रदेश सरकारले प्रोत्साहन स्वरुप विशेष अनुदान दिने छ । यस अर्न्तगत, बाँसको ढकीया, डाली, सुपा, भखारी, काठका सामग्रीहरु, छालाका सामग्रीहरु, माटाका भाँडाहरु, अरिकोँच, अदौरी, चरौरी, कँच, सुखौच, कुम्हरौरी, वाल पेन्टिंग, कपडा कढाई, फुलबुटा, सुनको गहना, भुजा भिmली, कचरी, माछा मार्ने, चिनी कटोरा, मैनवत्ती, अगरवत्ती लगायतका उधोगहरु स्थापना तथा शीप विकासमा अनुदान दिइने छ । यस्ता कुटिर तथा घरेलु उद्यमीलाई औद्योगिक उत्पादनमा सहयोग पुऱ्याउन एउटा छुट्टै कोष खडा गरिने छ । यस्ता समुदायलाई प्रशिक्षण, उद्यमशीलता तालिम र उनीहरुको उत्पादनलाई बजारीकरण गर्न आवश्यक सहयोग पुऱ्याइने छ ।

७९. प्रदेशभित्र उद्योग स्थापना र संचालनको लागि सम्बन्धित कार्यालयको ढोका ढोका जानु पर्ने व्यवस्था अन्त्य गरी एकद्धार कार्यालय (One Window office) मार्फत उद्योग दर्ता, स्थापना लगायत अन्य सबै सेवा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

८०. प्रदेशभित्र रहेका सवै गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका, महानगरपालिकाको प्रोफाइल तयार गरिने छ ।

८१. प्रदेशभित्रका प्रत्येक जिल्लामा कम्तिमा १ वटा औद्योगिक ग्राम स्थापना गर्ने कार्यलाई अगाडी वढाइने छ । साथै, प्रदेश स्तरीय बैंक/बिमा/शेयर बजार तथा धितो बोर्डको स्थापना आगामी वर्ष गरिनेछ ।

८२. औद्योगीक करिडोरलाई विकास गर्ने क्रममा सीमावर्ती भन्सार नाकालाई स्तरोन्नतीका लागि संघीय सरकारसंग अनुरोध र सहकार्य गरिनेछ ।

८३. महिला, दलित तथा विपन्न लघु उद्यमीलाई औद्योगिक उत्पानमा सहयोग पुरयाउन एउटा छुटै कोषको स्थापना गरिने छ । यस्ता समुदायलाई प्रशिक्षण, उद्यमशीलता तालिम र उनीहरुको उत्पादनलाई बजारीकरण गर्न आवश्यक सहयोग पुऱ्याइने छ ।

८४. गर्मीयाम सुरु भएसंगै यस प्रदेशका आठवटै जिल्लामा सर्पदंशको घटनामा वृद्धि हुने भएकोले सर्पदंश उपचारका लागि आगामी वर्ष सर्पदंश उपचार केन्द्रको स्थापना गरी Anti-Venom पर्याप्त मात्रामा उपलब्ध गराइनेछ । साथै, सर्पदंश सम्बन्धी कच्चा पदार्थ उत्पादन, प्रशोधन तथा अनुसन्धानका बारेमा विस्तृत अध्ययन गरिनुका साथै Snake Hatchery को व्यवस्था गरिनेछ ।

**रोजगारी सिर्जना**

८५. गरीबी निवारण गर्ने उद्देश्यले साना तथा मझौला उद्योगहरु स्थापनामा सहयोग गरी युवाहरुलाई स्वरोजगार वनाउने योजना आगामी बर्षदेखि लागु गरिने छ । जस अर्न्तगत मापदण्ड वनाई युवाहरुलाई निःशुल्क प्राविधिक तालिम उपल्बध गराई आफ्नै व्यवसाय संचालन गर्न बैंक मार्फत २५ प्रतिशत अनुदान, २५ प्रतिशत युवाको आफ्नो लगानी र ५० प्रतिशत सहुलियत दरमा ऋण उपलब्ध गराइने छ ।

८६. वैदेशीक रोजगार समाजिक सुरक्षा योजना कार्यक्रम यसै बर्षदेखि सुरुवात गरिने छ । जस अर्न्तगत, वैदेशिक रोजगारमा जाने युवाहरुको निःशुल्क तथा अनिवार्य जीवन बिमा प्रदेश सरकारले लागु गर्ने छ । यसका लागि बैंक तथा वित्तिय क्षेत्रहरुसंग सहकार्य गरिने छ । जसमा वैदेशीक रोजगारमा गएका युवाहरुले पठाउने रकमवाट नीजि क्षेत्रले आर्जन गर्ने मुनाफाको केही प्रतिशत रकम युवाको जिवन विमा कार्यक्रममा लगाउनु पर्ने व्यवस्था प्रदेश सरकारबाट गरिनेछ ।

८७. वैदेशीक रोजगारमा रहेका युवालाई आफ्नै देशमा फर्कन र विदेशमा सिकेका सीप, ज्ञान र श्रोतको लगानी गर्न विप्रेषण प्रयोग गरी कृषि सम्बन्धि साना उधोग तथा व्यवसाय स्थापना गर्न चाहने वैदेशीक रोजगारवाट फर्केका यस प्रदेशका युवाहरुलाई ५० प्रतिशत सम्म अनुदान बैंकमार्फत उपलब्ध गराउने नीति प्रदेश सरकारले लिएको छ । तर ती साना उधोगहरु कृषिलाई आधुनिकीकरण गर्नेतर्फ उन्मुख हुनु पर्नेछ । प्रदेश सरकारले दिने अनुदान बाली संरक्षण कोष तथा पशुपंक्षी संरक्षण कोष मार्फत उपलब्ध गराइने छ ।

८८. रोजगार प्रर्वद्धनको लागि कृषि, उद्योग, यातायात, व्यापार, पर्यटन र सेवामुलक उद्योगहरुसंग सहकार्य गरी प्रदेश सरकार तथा नीजि क्षेत्रको सहकार्यमा कोष स्थापना गरिनेछ । सो कोषबाट खर्च व्यहोर्ने गरी तालिम उपलब्ध गराई उधोगहरुलाई चाहिने दक्ष जनशक्तिको उत्पादन गरी सम्बन्धित उधोगहरुलाई उपलब्ध गराइने छ ।

८९. प्रदेश युवा क्षमता विकास योजना अर्न्तगत आगामी आर्थिक वर्षमा विभिन्न क्षेत्रहरु जस्तैः प्रदेश निजामती सेवा तथा स्थानीय सेवा, प्रदेश प्रहरी, होटल व्यवसाय, भौतिक पूर्वाधार, उधोग, यातायात, पर्यटन र व्यापार क्षेत्रमा पच्चीस हजार यूवाहरुलाई रोजगारी दिने नीति सरकारले लिएको छ ।

## पर्यटन

९०. प्रदेशको धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरुको अवस्थितिमा आधारित पर्यटकीय गन्तव्य तय गरिनेछ । प्रदेशको पर्यटकीय छवी विस्तार एवं बजारीकरण गर्न नीजिक्षेत्र समेतको संलग्नतामा **प्रादेशिक पर्यटन बोर्डको स्थापना** गरी संचालनमा ल्याइने छ ।

९१. कोशीको तटवाट कंकालनी मन्दिर हुँदै सखडा भगवती, काला हनुमान, ठाकुरवावा ताल लौहजारा, शम्भुनाथ, सलहेस फुलवारी, सर्कीट राजदेवी ढोडना महादेव मठ, कमला उत्तरायनी धाम, धनुषाधाम, जानकी मन्दिर, अन्धा अन्धी श्रवणदह, सोनामाई ध्रुवकुण्ड,रानी रतुवा परिक्रमा रोड, सतीविउला, नाजिर मजार, नाडीमन ताल, डावरी पर्यटन चन्द्रपुर, रौतहटको शिवनगर महादेवस्थान, जलेश्वरनाथ महादेव हुदै रौजा मजार, कारीखस्थान परौल, सिमरौनगढ महागढीमाई हुँदै प्रदेश पर्यटकीय सडक (रुट) को आवश्यक पूर्वाधार निर्माण गरिने छ । यस पर्यटकीय रुटमा मौलिक संस्कृतिको परिचय एवम् संरक्षण गर्ने उद्धेश्यले होम स्टेलाई प्रदेश सरकारले प्रर्वद्धन गर्नेछ ।

९२. रामायण सर्किट अर्न्तगत जनकपुर र अयोध्यालाई जोडने क्रममा रामजानकीको पद चिन्ह भएका प्रमुख ठाउँहरुलाई धार्मिक, अध्यात्मिक स्थलको रुपमा विकास गर्न संघीय सरकारसँग सहकार्य गरिने छ ।

९३. प्रदेशको धार्मिक पर्यटनलाई व्यवसायीक वनाउन जनकपुरमा त्रेता युग स्मरण गराउने गरी रामायण तथा मिथिला संस्कृति झल्किने गरी जानकी मन्दिर तथा जानकी मन्दिर संगैको विवाह मण्डप र मणी मण्डपलाई सौन्दर्यीकरण गरिने छ ।

९४. पर्यटन व्यवसायलाई प्रोत्साहन तथा प्रवर्धन गर्न वागमती नुनथर क्षेत्रलाई प्रदेशकै प्रमुख वाटर स्पट केन्द्रको रुपमा विकास गरी सुविधा सहित आधुनिक पर्यटक आवास निर्माण गर्न नीजि क्षेत्रलाई आह्वान गरिने छ । प्रतिस्पर्धाको आधारमा आकर्षक प्याकेज उपलब्ध गराउने नीजि क्षेत्रलाई पर्यटकिय क्षेत्र विकास निर्माणको जिम्मेवारी दिइने छ ।

९५. चन्द्रनिगाहपुर स्थित शहीद पार्कलाई व्यवसायीक पर्यटन विकास गर्न ट्री जम्पिगं, चिल्ड्रेन पार्क, वाटर स्पट सहितको बृहत फन पार्क निर्माणका लागि नीजि साझेदारी सहकार्यको मोडेल योजनाको रुपमा अगाडी बढाइने छ ।

९६. कोशी टप्पु वन्यजन्तु आरक्षलाई पर्यटकीय स्थलको रुपमा विकास तथा प्रर्वद्धन गर्नको लागि जंगल सफारी, दृश्यावलोकन, संग्रहालय, कोशीदेखि भोजपुरसम्म बोटिङ्ग एवम् धार्मिक पर्यटनको लागि विभिन्न धार्मिक स्थल जोडने गरी सडक संजाल, होटेल, रेष्टुरेण्ट तथा होम स्टेको विकास गरिनेछ । यस कार्यमा नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

९७. प्रदेश पर्यटन बोर्ड मार्फत टुर अपरेटर तालिमका लागि नीजि होटल व्यवसायीहरुसंगको लगानीमा पर्यटकीय मानव संसाधन तथा होटल व्यवस्थापन तालिम केन्द्रको स्थापना गरिने छ ।

९८. प्रदेशभित्र रहेका होटल व्यबसायलाई पर्यटन उद्योगको मान्यता दिने नीति प्रदेश सरकारले लिएको छ । प्रदेशका होटल व्यवसायमा लगानी आकर्षण बढाउन प्रदेश भित्र रहेका बैंकहरुसंगको प्रादेशिक समिति बनाई राष्ट्र बैंकसंग समेत अनुरोध गरी सबैभन्दा सस्तो, सहज एवं शुलभ ब्याजदरमा ऋण उपलब्ध गराउन आवश्यक उपाय अपनाइने छ ।

९९. धार्मिक पर्यटनको विकासका लागि रामनवमी, विवाह पञ्चमी, सीता नवमी लगायतका महत्वपूर्ण पर्वहरुलाई प्रादेशिक पर्वको रुपमा मनाउन प्रदेश स्तरीय व्यवस्थापन समिति गठन गरी प्रदेश सरकार र मन्दिरको संयुक्त सहकार्यमा यी कार्यक्रमको व्यवस्थापन गरिने छ ।

१००. भारतीय सिमाना संग जोडिएका प्रदेशका आठवटै जिल्लाका नाकाहरुमा अध्यागमन कार्यालय शाखा विस्तार गर्न तथा माडर सिराहा मिंचैया भई सगरमाथा बेसक्याम्प जाने पर्यटकहरुलाई ट्रेकिंग परमिट समेतको व्यवस्थापन गर्न संघिय सरकार तथा सम्बन्धित सरोकारवालहरुसंग सहकार्य गरिने छ ।

१०१. प्राकृतिक गन्तव्यहरु पर्सा राष्ट्रिय निकुंज, नुनथर बागमती, कोशी टप्पु, शिवालिग चुरे पहाड, डावरी पर्यटन वन चन्द्रपुर तथा अन्य साँस्कृतिक धार्मिक पर्यटन स्थलहरुको प्रचार प्रसार गरिने छ ।

१०२. प्रदेश अर्न्तगत रहेको धार्मिक सर्किट बिकास गर्ने क्रममा धनुषाको जानकी मंदिर, मलिननाथ, मणी मण्डप, धनुषाधाम, नोचा पोखैर, अकउरा सतोखर, कपिलेश्वर महादेव, ठेलिया भेरीया मठ, शम्भुनाथ, विसनरीया दह, दिनाभद्री र कंकालिनी, सिरहाको सहलेश, महादेव मठ, महोत्तरी चोहर्वा वौधी माहारानी, कमला उतरायहिनी धाम, नन्दमोरही, बावा ताल, कमलदह, राजदेवि मंदिर, सर्लाहिको नारिमनताल, कालीका मन्दिर हरीपुरवा, धनकौल माहादेव स्थान, सर्लाही फेन्हाराको शिव मन्दिर, मंगलनाथ महादेव, मुर्तिया मुत्तेश्वर महादेव, सरला माई, सती-विहुला, नारायणपुर, नाजिर मजार, महोत्तरीको मठिहानी स्थान, सुगाको सुकदेव मुनिको स्थान, जलेश्वरको भार्गव ऋषिको स्थान, मडैको माण्डव्य ऋषि स्थान, पंचधुरा माइस्थान, बनौली स्थिति विद्यापतिको प्रवास स्थान, सोनामाईथान, पडौल स्थान, गेउरका मटिहानी र जलेश्वरनाथ, धनुषाको परशुराम तलाउ, मिथिला विहारी र सुन्दरशरण, बाराको झरोखर पोखरी, त्रिवेणी धाम, रौतहटको शिवनगरको माहादेवस्थान र राजदेवी मन्दिर, पर्साको भुटन देवी, विन्दवासनी, भाथा दुग्धेश्वर नाथ मंदिरको क्रमिक रुपमा प्रवर्धन तथा विकास गरिने छ ।

१०३. प्रदेश गौरव योजनाको रुपमा छिन्नमस्ता मन्दिरको एकिकृत विकासका लागि **छिन्नमस्ता एकिकृत विकास परियोजना** गठन गरिने छ । त्यस्तै, सिमरौनगढ माहागढीमाई क्षेत्रको सम्पूर्ण विकासको गुरुयोजना तयार गरी कार्यान्वयनका लागि सिमरौनगढ **महागढीमाई विकास प्राधिकरण** तथा जानकी मन्दिर परिसरलाई विश्वस्तरमा पहिचान स्थापित गराउन **जनकपुरधाम विकास प्राधिकरण** र महोत्तरी जिल्लाको जलेश्वारनाथ महादेवको संरक्षण, प्रवर्द्धन तथा विकास गर्न जलेश्वरनाथ विकास प्राधिकरण गठन गरिनेछ । महोत्तरीको रौजामजार सरीफ तथा बिरगंजको भिस्वा र पारसनाथ मन्दिरलाई समेत प्रदेश गौरवको आयोजनामा समावेश गरिने छ । शलहेस क्षेत्र विकास परियोजना समेत सुरुवात गर्ने लक्ष्य लिइएको छ ।

१०४. बारा जिल्लाको निजगढमा निर्माणाधीन दोस्रो अन्तराष्ट्रिय विमानस्थलको व्यवसायीकतालाई ध्यानमा राख्दै, कोशी टप्पु, जनकपुर, पर्सा नेशनल पार्क रुटलाई केन्द्रमा पर्ने गरी पुर्व पश्चिम राजमार्ग संगै फास्ट ट्र्याक जोडिने स्थानको दायाँ बांया मनोरंजनात्मक साँस्कृतिक बगैंचा वारे सम्भाव्यता अध्ययन गरिने छ ।

१०५. दुधमती महेन्द्रनगर करिडोरलाई धार्मिक पर्यटकीय करिडोरको रुपमा विकास गरिने छ ।

१०६. धनुषा जिल्लाको गंगासागरमा संचालित महागंगा आरती व्यवस्थापन गरिनेछ र थप आकर्षणको लागि अत्याधुनिक ध्वनी र प्रकाश (Light and Sound) को व्यवस्था गरिनेछ । गंगासागर संगै रहेको धनुष सागरलाई पनि व्यवस्थित गरिनेछ ।

१०७. पर्यटन विकासको लागि अपरिहार्य र भरपर्दो पहुँच सुविधा वृद्धि गर्न जनकपुर विमानस्थललाई आधार विमानस्थलको रुपमा विकास गर्न संघीय सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्ययान मन्त्रालयसंग सहकार्य गरिने छ ।

१०८. पर्यटकलाई स्तरयुक्त सूचना तथा सेवा प्रदान गर्न हालै संचालनमा आएको बिरगंजस्थित एकीकृत चेक पोस्ट र जनकपुर जानकी मन्दिर क्षेत्रमा **बहुआयामिक पर्यटन सेवा केन्द्र** स्थापना गरिने छ ।

१०९. पर्यटकीय गतिबिधी र मनोरंजनका अवसरहरूको वृद्धि गरी थप पर्यटक आकर्षित गर्न र पर्यटकको बसाई अवधि लम्ब्याउन जनकपुर र सिराहा जिल्लाको सलहेसमा ऐतिहासिक तथ्य तथा विषयवस्तुमा आधारित **ध्वनी तथा प्रकाशका कार्यक्रमहरु**को अवलम्बन गरिने छ ।

११०. पर्यटकलाई आकर्षित गराई पर्यटकको बसाई अवधि बढाउन भिषाको अवधि थप गर्नु पर्ने अवस्थालाई मनन् गरी प्रदेशमा अध्यागमन कार्यलयको ईकाइ विस्तार गर्न संघीय सरकारसँग समन्वय गरिनेछ ।

**<u>वन तथा पर्यावरणीय सन्तुलन</u>**

१११. **संरक्षण हाम्रो मन, प्रदेशको वन प्रदेशकै धन** नारालाई मुर्तरुप दिन प्रदेश बृक्षारोपन सम्बन्धि योजना बनाई बृहत बृक्षारोपण कार्यक्रम संचालन गरी वनको विस्तार गरिने छ । प्राकृतिक वनको वैज्ञानिक वन व्यवस्थापन गरिने छ ।

११२. हरित प्रदेश वनाउन बहुबर्षिय बिरुवाहरु उत्पादन गर्न प्रत्येक जिल्लामा एक हाइटेक नर्सरी, मझौला नर्सरी र साझेदारी नर्सरीको स्थापना गरिने छ । नीजि नर्सरीहरुको स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

११३. भुउपयोग नीति अनुसार चुरे क्षेत्रको व्यवस्थापन गरिने छ । चुरे क्षेत्रलाई पानी पुनर्भरण (Recharging) क्षेत्रको रुपमा विकास गर्न बहुउद्देश्यीय पानीको व्यवस्थापन गरी परियोजना संचालन गर्ने एवम् आवश्यकता अनुसार कृषि कार्यको लागी उपयोग गरिनेछ । प्रदेशमा प्रत्येक वर्ष वर्षा याममा बाढीको समयमा हुने भू-क्षय र चुरेको अतिक्रमण तथा वन विनाशले गर्दा विभिन्न नदीको सतह अप्रत्याशित रुपमा माथि उठेको, भूमीगत जलस्तर घटेको र त्यसबाट उर्वर कृषि भूमि मरुभूमिको रुपमा परिणत हुने क्रम देखिएको कारण सरकारले त्यसको रोकथामको लागि आवश्यक कार्यक्रम ल्याउने छ ।

११४. **"चुरे जोगाउँ, मधेश बचाउँ"** भन्ने प्रदेश सरकारको नीतिलाई आत्मसात् गर्दै चुरे संरक्षणको कार्यनीति ल्याइनेछ । अनियन्त्रित बसोबास, नदिबाट ढुंगा, गिट्टी, बालुवाको अव्यवस्थित दोहनलाई व्यवस्थित गरिने छ । चुरे क्षेत्रमा उपयुक्त भू-बनोटमा जलाशय निर्माण तथा भएको जलाशयको मर्मत संभार गरी माटो कटान कार्यलाई नियन्त्रण र भूमिगत जलस्तरलाई उठाउने कार्य गरिनेछ ।

११५. प्रदेशभित्र पर्ने साना-ठुला खोलाहरुको बगरहरुलाई व्यवस्थित गर्ने उद्देश्यले वृक्षारोपण, नदी किनारलाई ग्रीन बेल्ट, जलाशय निर्माण एवम् सामुहिक बगर खेतिको अभियानलाई संचालन गर्न कम्तिमा दुइ जिल्ला हेर्ने गरी एक भु तथा जलाधार कार्यालय र आवश्यकता अनुसार अन्य फिल्ड कार्यालयहरु समेत खडा गरी भु तथा जलाधार व्यवस्थापन एकीकृत रुपमा गरिने छ ।

११६. **"जहाँ बाटो त्यहाँ रुख, त्यसले ल्याउँछ परम सुख"** को नारालाइ चरितार्थ गराउन सडक दुवै किनारमा उपयुक्त प्रजातिको विरुवा अनिवार्य रुपले रोप्ने कार्य गरिने छ । हरित सडकको अवधारणालाई प्रदेश

सरकारले अनिवार्य र बाध्यकारी वनाएको छ । विरुवा विनाको सडक वनाउन नपाउने नीति लिएको छ । यसका लागि औषधिजन्य विरुवालाई विशेष प्राथमिकता दिइने छ ।

११७. वन अतिक्रमण गरी बसेका व्यक्ति वा परिवारलाई सो क्षेत्रबाट हटाइ वास्तविक सुकुम्वासी भएको पहिचान भए अन्य उपयुक्त ठाउँमा बसोबासको व्यवस्थापन मिलाइनेछ । आगामी दिनहरुमा वनजंगल र चुरे क्षेत्रको अतिक्रमण रोक्न तथा वनजंगल संरक्षण गर्न **प्रादेशीक सशस्त्र वन रक्षक** गठन गरिने छ । चुरे तथा वन अतिक्रमण अध्ययन गरी अतिक्रमण नियन्त्रण गर्ने नीति वनाइने छ ।

११८. मानव तथा वन्यजन्तु बीच हुने द्वन्दको व्यवस्थापन गरिनेछ । मानव र वन्यजन्तु द्वन्दबाट पीडित भएकालाई प्रदेश सरकारले उचित क्षतिपूर्तिको व्यवस्था गर्नेछ ।

११९. जानकीनगर परियोजना,सर्लाहीलाई व्यवस्थित गरी मधेश जुलोजिकल पार्कको रुपमा विकास गरिनेछ ।

१२०. प्रदेश सरकार अर्न्तगत रहेको वन क्षेत्रलाई उत्पादनमुलक र पारिस्थितिक प्रणाली (ECO System) विकासका आधारमा व्यवस्थित गरिने छ । प्रदेशकै गौरवको रुपमा रहेको सागरनाथ वन विकास परियोजना लगायतका उत्पानमुलक वनक्षेत्रहरुलाई सघन व्यवस्थापन अन्तर्गत ल्याई दिगो तथा वैज्ञानिक वन व्यवस्थापन गरिने छ ।

१२१. प्रदेश अर्न्तगत रहेको जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण वनक्षेत्र, सिमसार क्षेत्र वा अन्य भौगोलीक क्षेत्रलाई पर्यावरणीय हिसावले हट स्पट घोषणा गरी बिशेष व्यवस्था मिलाइने छ ।

१२२. प्रदेश विपद व्यवस्थापन प्राधिकरण गठन गरिनेछ । विपद व्यवस्थापन कार्यलाई प्रभावकारी, व्यवस्थित र सुदृढ गरिनेछ ।

## भौतिक पूर्वाधार विकास

१२३. **"हाम्रो प्रदेश, उज्यालो प्रदेश"** को नारालाई सार्थकता प्रदान गर्न प्रदेशमा वैकल्पिक उर्जालाई प्रवर्द्धन गरिनेछ । आगामी बर्ष नीजि साझेदारी योजना अर्न्तगत प्रदेशको आठवटै जिल्लामा ३०० मेगावाट सौर्य उर्जा प्लान्ट निर्माणको कार्य प्रारम्भ गरिने छ । सौर्य उर्जासम्बन्धी पावर प्लान्ट स्थापनामा साना, मझौला तथा मध्यमखालका विद्युतीकरणलाई बिशेष महत्व दिइने छ । साथै, ग्रीड तथा प्रसारणलाईनको सुधार गरी वितरण लाईनमा समेत सुधार गरिने छ ।

१२४. गरिवीको रेखामुनि रहेको जनतालाई घर परिवारको संख्याको आधारमा परिचय पत्र उपलब्ध गराई न्यूनतम शुल्कमा इन्धन उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । निम्न आय भएको परिवारलाई विशेष अनुदान दिई बायोग्यास, सोलार, विधुतीय चुल्हा आदि प्रयोग गर्न प्रोत्साहन गरिने छ ।

१२५. आपतकालीन वाहन, यन्त्रहरुलाई उद्धारको लागि परिचालन गर्ने दृष्टिकोण राखी प्रत्येक सार्वजनिक सडकको चौडाई कम्तीमा ५.५ मिटर राख्ने नीति लिएको छ र सोही अनुसार आवास व्यवस्थापनको कार्यलाई अगाडी बढाइने छ ।

१२६. प्रत्येक गाउँ शहरको बसोबासलाई व्यवस्थित गर्दै लैजाने नीति लिइएको छ । सो अनुसार सार्वजनिक सडकको चौडाई तोक्नुका अतिरिक्त ढल निकास, खानेपानी, शौचालयको व्यवस्था गर्ने, हरेक ५० घरको लागि एउटा दलान एवं सार्वजनिक खुला ठाउँको व्यवस्था, आवासीय भूमिलाई सदुपयोग गर्न बहुतले घरहरुको निर्माण, कृषियोग्य भूमिलाई बचाउन गाउँ, शहरहरुको सीमा तोकि सोही क्षेत्रभित्र घरहरु

निर्माण गर्ने, शिक्षा, स्वास्थ्य, सडक, बजार आदिको व्यवस्थापन गर्ने, रोजगारीको लागि सो गाउँ शहर नजिक औद्योगिक क्षेत्र स्थापना गर्ने नीति अख्तियार गरिएको छ।

१२७. प्रदेश सरकारले प्रादेशिक परिवहन सेवा संचालन गर्ने छ। पहिलो चरणमा बिरगंज जनकपुर र जनकपुर राजविराज वस सेवा संचालन गरी क्रमश प्रदेशभरी विस्तार गरिनेछ।

१२८ प्रत्येक पालिकाहरुलाई सदरमुकामसंग जोडने प्रमुख सडकहरु कालोपत्रे गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। एक पालिकाको केन्द्रलाई अर्को पालिकाको केन्द्रसंग र पालीकालाई जिल्ला सदरमुकामसंग जोडि कालोपत्रे गरिने छ।

१२९. प्रदेशभित्र प्रस्तावित वा संचालित रहेको राष्टिय गौरवका योजनाहरु दोस्रो अन्तराष्ट्रिय विमास्थल, निजगढ, हुलाकी सडक, जनकपुर जयनगर रेल्वे, फास्ट टयाकलाई समयमै सम्पन्न गर्न संघीय सरकारसंग समन्वय गरिनेछ ।

१३०. प्रत्येक जिल्ला सदरमुकाममा संचालित दलित छात्रावास र जेष्ठ नागरीक आवास कार्यक्रमलाई यस आर्थिक बर्षमा पनि निरन्तरता दिइने छ। यो योजनालाई क्रमश महानगरपालिका, उप महानगरपालिका तथा नगरपालिका र गाउँपालिकामा समेत विस्तार गरिने छ।

**१३१.** पर्सा जिल्लादेखि सप्तरी जिल्लासम्मको करिब २५० किलो मिटरसम्मको सडकलाई **मधेशी शहिद राजमार्ग**को रुपमा विकास गरिनेछ ।

१३२. सेटेलाइट सिटीको अवधारणलाई अगाडी बढाइने छ। चालु आर्थिक बर्षमा सम्पन्न भएको पाँच सेटेलाइट सिटी महेन्द्रनगर, गोलबजार, परवानीपुर, पोखरीया, परसौनीको विस्तृत अध्ययन प्रतिवेदनको आधारमा आगामी आर्थिक बर्षमा निर्माणका लागि पहल गरिने छ।

१३३. वाराको गढीमाईमा प्रादेशिक गौरवका धर्मशाला र बिवाह मण्डप निर्माण कार्य प्रारम्भ भैइसकेकोले सो निर्माण कार्यलाई आगमी बर्ष पनि तिब्रताका साथ निरन्तरता दिइने छ।

१३४. विभिन्न करिडोरहरु सखडा कंकालनी करिडोर, धनुषाधाम जनकपुर करिडोर,विद्यापती डिइ,मडई रौजामजार मठिहानी जलेश्वर करिडोर, परिक्रमा सडक, सिम्रौनगढ माहागढीमाई करिडोरलाई धार्मिक करिडोरको रुपमा विकास गरिने छ।

१३५. जनता आवस कार्यक्रम अर्न्तगत प्रथम चरणमा डोम, मुसहर, मेहतर र हलखोरको घर निर्माण कार्यलाई निरन्तरता दिँदै क्रमशः अन्य दलित, लोपउन्मुख लगायतको लक्षित वर्गमा यो आवास कार्यक्रम पुऱ्याइने छ।

१३६. प्रदेशको आठवटै जिल्लामा मुख्यमन्त्री दलित/गरीब आवास योजना अर्न्तगत दलित/गरीवका लागि एक सामुहिक आवस गृहको निर्माण गरिने छ। प्रदेश सरकारद्वारा निर्माण गरिने भौतिक संरचनाहरु अपाङ्गमैत्री बनाइने नीति प्रदेश सरकारले लिएको छ।

१३७**.** प्रदेशको आठवटै जिल्ला सदरमुकामा प्रदेश अतिथि गृह निर्माण गर्ने नीति लिएको छ ।

१३८. प्रदेशभित्रका सडकहरुको संरक्षण, सम्बर्द्धन, व्यवस्थापकीय कार्य, नीति तर्जुमा लगायतको कार्यलाई व्यवस्थित गर्न प्रादेशिक **रोड बोर्ड** गठन गरिने छ।

१३९. जनकपुर रेल्वेसंग जोडिने गरी ड्राइपोर्ट निर्माणका लागि अध्ययन गरिनेछ।

१४०. जनकपुरमा आउटर रिंगरोडको संभाव्यता अध्ययन र निमार्ण कार्य प्रारम्भ गरी यसलाई क्रमश सवै जिल्लाको सदरमुकामा लागु गरिने छ ।

१४१. यस प्रदेशलाई कृषि प्रधान प्रदेशको रुपमा विकास गर्ने अवधारणा अनुरुप सिंचाईको विभिन्न सम्भाव्यताहरुको अध्ययन गरिनेछ । **खेत खेतमे पानी हाथ हाथमे काम** को अभियानलाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ । यसको लागि भुमिगत जलको प्रयोग गरी डिप टयुवेल, सेलो टयुवेल अझ सघनताका साथ अगाडी बढाइ प्रत्येक वडा सम्म पुरयाइने छ । साथै बाँध, पइनी, नहर, हेड वर्क्स र नदीखोलाको व्यवस्थापन गरी खेत खेतमा सिँचाइको व्यवस्थापन गरिने छ । सिँचाइको निमित सोलार र विधुतीय ट्युवेललाई प्रोत्साहित गरिने छ ।

१४२.प्रदेशभित्र रहेका डिप बोरिंगहरुलाई मर्मत संभार तथा सोलार विद्युतीकरण गरी पुनः संचालनमा ल्याइनेछ ।

१४३.. मधेशी जनताको हक, अधिकारको लागि आजीवन संघर्ष गर्नु भएका अथक योद्धा स्व. गजेन्द्र नारायण सिंह र गणतन्त्र स्थापनाको लागि जीवनपर्यन्त संघर्ष गर्नु भएका गणतन्त्रवादी नेता स्व.रामराजा प्रसाद सिंहको शालिक स्थापना गरिनेछ ।

१४४.. आगामी बर्ष देखि स्मार्ट सवारी चालक पहिचानपत्र प्रदेशबाट नै वितरण गरिने छ ।

**सामाजिक रुपान्तरण**

**शिक्षा**

१४५. **"बेटी पढाउ, बेटी बचाउ"** अभियानको दायरालाई अझ फराकिलो बनाई छोरीहरुको विद्यालय भर्ना, लोकसेवा कक्षाको तयारी, प्राविधिक शिक्षा अध्ययन गर्न चाहने छोरीहरुलाई पूर्ण छात्रवृति, साइकल वितरण, स्कुलको प्रत्येक विद्यालयमा सेनीटरीपैड वितरण जस्ता कार्यक्रमलाई अझ प्रभावकारी वनाइने छ । निम्न आय भएका परिवारमा जन्मिने छोरीहरुको शिक्षाको निरन्तरताको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ । आर्थिक रुपले विपन्न, दलित तथा मुस्लिम समुदायका बालिकाहरुलाई विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत सरकारी विद्यालयमा अध्ययनरत कक्षा एक देखि आठ कक्षा सम्मका छात्राहरुका लागि प्रत्येक महिना रु. पाँच सयको दरले नियमित कक्षा आगमन छात्रवृति प्रदान गरिनेछ । यसका लागि संघीय सरकारसंग समन्वय गरिनेछ ।

१४६. प्रदेश सरकारले छोरी विमा योजनाको सुरुवात गरेको छ । यो योजना अन्तर्गत करिब दुई हजार छोरीहरुको शिक्षा विमा पनि भएको छ । एक बर्षमा पचीस देखि तीस हजार छोरी जन्मिने यो प्रदेशमा सम्पूर्ण छोरीहरुको बिमा गर्ने लक्ष्य प्रदेश सरकारले लिएको छ । सामाजिक रुपान्तरणको यस अभियानलाई आगामी बर्ष पनि अझ प्रभावकारी ढंगले निरन्तरता दिइने छ ।

१४७.दलित वर्गभित्र पनि आर्थिक र समाजिक रुपले सवैभन्दा पछाडी परेका जात जातीलाई मुलधारमा ल्याउन दलित सशक्तिकरण विधेयक आगमी आर्थिक बर्षमा ल्याउने गरी रासन कार्ड उपलब्ध गराउने, पाँच लाख रुपैयासम्मको स्वास्थ्य बीमा गरिनेछ । उच्च शिक्षा अध्ययन गर्न चाहने पछि परेका/पारीएका दलित विधार्थीको बसाई तथा खानामा लाग्ने खर्च प्रदेश सरकारले व्यहोर्ने छ । साथै, प्रत्येक पालिकाको एक/एक

वटा गरीब विपन्न बस्तीलाई केन्द्रित गरी कक्षा १ देखि कक्षा ८ सम्मको विद्यार्थीका लागि प्रति विद्यार्थी मासिक रुं ३००।- का दरले पोषणयुक्त दिवा खाजा व्यवस्थापन कार्यका लागि गाउँमा रहेको आमा समूहलाई आलोपालो गरी रकम उपलब्ध गराइनेछ । यसका लागि संघीय सरकारसंग समन्वय गरिनेछ ।

१४८. प्रदेश नं. २ लाई कृषि प्रधान प्रदेशको रुपमा विकसित गर्ने अवधारणा अनुरुप आगमी वर्ष प्रदेशमा कृषि प्राविधिक केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

१४९. प्रदेशको आठ वटै जिल्लामा एक सार्वजनिक विद्यालय छनौट गरी नमूना प्रादेशिक विद्यालयको रुपमा विकास गरिनेछ । यसका लागि विद्यालय व्यवस्थापन तथा संचालन मापदण्ड तयार गरिनेछ ।

१५०. प्रत्येक वडा/टोलमा शिशु स्याहार, पोषण एवं सन्तुलित विकासको लागि **"शिशु सदन"** को स्थापना गरिनेछ । शिशु सदनमा शिशु राख्ने आमाले हप्ताको एक दिनको समय उपलब्ध गराउनु पर्नेछ । शिशु सदनमा २ वर्षदेखि ५ वर्षसम्मको शिशुलाई राखी स्वस्थ शिशु बनाई प्राथमिक शिक्षाको लागि तयार गरिनेछ र शिशु सदनमा पोषणयुक्त आहारको व्यवस्था पनि गरिनेछ ।

१५१. **"मातृभाषामा शिक्षा"** भन्ने अधिकारलाई हृदयङ्गम गरी प्रथम चरणमा प्रदेशभित्र सवै भन्दा बढी बोलिने भाषाहरुमा प्राथमिक तहसम्मको शिक्षा प्रदान गरिनेछ । माध्यमिक तहदेखि शिक्षाको माध्यम अंग्रेजी बनाई भातृभाषा, ऐच्छिक भाषा र राष्ट्रभाषालाई पनि अध्ययनमा समावेश गरिनेछ ।

१५२. खेलकुद तथा युवा सशक्तिकरणको अवधारणालाई प्रोत्साहन गर्ने गरी **प्रादेशिक युवा तथा खेलकुद परिषद्**को स्थापना गरिनेछ । विरगंज नारायणी रंगशालालाई अन्तर्राष्ट्रिय स्तरको रंगशालाको रुपमा निर्माण गरिने छ । साथै, जनकपुरमा निर्माणाधीन रामजानकी अन्तर्राष्टिय रंगशाला निर्माणमा समेत प्रदेश सरकारले आवश्यक सहयोग गर्ने छ । सप्तरी जिल्लाको राजविराज सहित बाँकी ५ जिल्लामा प्रादेशीक स्तरको रंगशाला निर्माण गर्ने नीति लिएको छ ।

१५३.राष्ट्रियस्तरका खेलहरु र परम्परागत खेल कुस्ति, कवडी, टिका ठाडी, गुल्ली डण्डा, हुरा, लका छिपी, आसपास जस्ता परम्परागत खेलहरुको बिषयमा अध्ययन अनुसन्धान गरी यसको सम्वर्द्धन र विकास गरिने छ । साथै, यस बर्ष यी परम्परागत खेलहरुको आयोजना गर्न प्रदेश सरकारले प्रोत्साहन गर्ने छ ।

१५४. प्रदेशमा **"एक पालिका एक प्राविधिक शिक्षालय"**को नीति अनुरुप प्रत्येक जिल्लामा आगामी आर्थिक बर्षमा सुविधा सम्पन्न एक/एक प्राविधिक शिक्षालय स्थापना गरिनेछ ।

१५५. बालीकाको विशेष संरक्षण को लागि बालीका संरक्षण सम्बन्धी कानून आगामी वर्ष नै निर्माण गरी कार्यान्वयमा ल्याइने छ। यो प्रदेशमा दिनानुदिन बढदै गइरहेको महिला तथा बालीकासंग हुने हिंसा न्युनीकरण गर्न **महिला हिंसा न्युनीकरण अनुगमन कार्यदल** गठन गरिने छ ।

१५६. बाल बालीकाको मनोरञ्जनका लागि प्रदेश भित्रका प्रत्येक जिल्लामा एक बालबालीका उद्दान बनाउने लक्ष्य लिएको छ ।

१५७. महिलालाई प्रदेशको हरेक संरचनामा समानुपातिक समावेशीको आधारमा प्रतिनिधित्व गराउन पच्चास प्रतिशत आरक्षणको नीति लिइएको छ ।

१५८. दाइजो, बालविवाह, अनमेल विवाह, बोक्सी, छुवाछुत जस्ता समाजिक कुरीतिलाई पूर्णत बन्देज गर्नका लागि आवश्यक कानूनी प्रवन्ध गरिनेछ । यसको अनुगमनका लागि संयन्त्र निर्माण गरिने छ ।

१५९. राजबिराजको महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसमा यसै वर्षदेखि एल.एल.एम (LLM) कक्षा संचालनका लागि विशेष अनुदान उपलब्ध गराइनेछ र जनकपुरमा समेत कानून कलेज स्थापनाका लागि नीजि क्षेत्रसंग सहकार्य गरिनेछ ।

१६०. प्रदेशका विभिन्न शैक्षिक संस्थाहरुमा क्रमशः इन्टरनेट सेवा उपलब्ध गराउँदै लैजाने नीति प्रदेश सरकारले लिएको छ ।

१६१. आ.व. २०७५/०७६ मा सुरुवात गरिएको प्रदेश प्रमुख नैतिक शिक्षा अभियानलाई यस वर्ष अझ बढी प्रभावकारी ढंगले कार्यान्वन गरिनेछ ।

१६२. बिरगंजमा निर्माणाधीन प्रादेशिक लाइब्रेरी तथा जनकपुरमा रहेको सवैभन्दा जेठो सार्वजनिक पुस्तकालयलाई प्रादेशीक पुस्तकालयको रुपमा विकास गरिने छ ।

**स्वास्थ्य**

१६३. प्रदेशको नमूना अस्पतालको रुपमा जनकपुर अंचल अस्पताललाई विकास गर्ने लक्ष्य प्रदेश सरकारले लिएको छ । सोही अनुरुप जनकपुर अंचल अस्पताललाई आगामी आर्थिक बर्षमा न्युनतम पाँच सय सैया भएको प्रदेश बिशिष्ट सेवायुक्त अस्पतालको रुपमा स्तरोन्नती गरी आधुनिक उपकरणहरुका माध्यमबाट सबै सेवा सुविधाहरु उपलब्ध गराउनेछ ।

१६४. सिरहाको सिराहा जिल्ला अस्पताल र लाहान अस्पताल, महोत्तरीको जलेश्वर अस्पताल, रौतहटको गौर अस्पताल, सर्लाहीको मलंगवा अस्पताल र बाराको कलैया अस्पताललाई आगामी आर्थिक वर्षमा सेवाको स्तरोन्नती गरिनेछ । यसका लागि आवश्यक पूर्वाधार निर्माण, सरसफाईको कार्य तथा आधुनिक मेडिकल इक्युपमेन्ट खरीद, आवश्यकता अनुसार चिकित्सकको दरबन्दी लगायत व्यवस्थापन सुधार समेत गर्ने नीति सरकारले लिएको छ । यसमा नीजि क्षेत्रसंग समेत सहकार्य गरिने छ ।

१६५. स्वास्थ्य क्षेत्रमा रहेका नीजि सेवा प्रदायक संस्थाहरुको न्यूनतम मापदण्ड निर्धारण गरी नियमित गुणस्तरीय सेवा तथा अन्य कार्यहरु सम्पादन गर्नका लागि प्रभावकारी अनुगमन नीति अवलम्बन गरिनेछ ।

१६६. विभिन्न प्रकारको कुपोषणबाट ग्रसित कुपोषित महिला तथा वालवालिकाहरुको उत्थानको लागि बहुक्षेत्रीय पोषणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६७. प्रदेशभित्र आवश्यक क्षेत्रहरुको पहिचान गरी आगामी आर्थिक बर्षमा कम्तिमा एकवटा ट्रमा सेन्टर स्थापना गरिनेछ । सार्वजनिक अस्पतालहरुमा औषधिको अभाव हुन नदिन केही औषधिहरु प्रदेश सरकारबाट थप गरिनेछ तथा प्रत्येक जिल्ला अस्पतालहरुमा **शवबाहन सेवा** उपलब्ध गराइनेछ ।

१६८. सप्तरीमा स्थापना हुन लागेको रामराजा प्रसाद सिंह चिकित्सा शिक्षा प्रतिष्ठानको स्थापना तथा निर्माणमा संघीय सरकारसंग सहकार्य गर्ने नीति लिइएको छ ।

१६९. सुविधा सम्पन्न घुम्ति स्वास्थ्य सेवा प्रदान गर्ने विशेषज्ञहरुको टोली सम्पूर्ण पालिकामा परिचालन गरी टोलटोलमा स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ । खटिएका टोलीले आधुनीक मेसिनवाट गाँउ टोलमै निशुल्क स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

१७०. आगामी वर्ष विरगंजमा प्रादेशिक शिक्षण अस्पतालको स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने छ । आयुर्वेद, होमियोपेथी, प्राकृतिक चिकित्सा तथा अन्य परम्परागत उपचार पद्धतिको विकासको अध्ययन तथा अनुसन्धान गरिने छ । यस बर्ष प्रदेश स्तरीय आयुर्वेदिक अस्पताल एवम् अध्ययन प्रतिष्ठानको स्थापना गरिनेछ । प्रत्येक स्वास्थ्य केन्द्रमा आयुर्वेद होमियोपेथी, प्राकृतिक चिकित्सा प्रदान गर्ने जनशक्ति एवं आवश्यक सुविधा उपलब्ध गराउन संघीय सरकारसँग समन्वय गरिनेछ ।

१७१. योग पद्धतिलाई सम्बर्द्धन गर्ने **गरी** विद्यालय स्तरीय शिक्षामा अनिवार्य रुपमा योग अध्ययनलाई समाविष्ट गरिनेछ तथा विद्यार्थीहरुको शारीरिक एवम् मानसिक स्वास्थ्यलाई प्रवर्द्धन गर्ने गरी योगाभ्यास गराइनेछ । योग एवम् प्राकृतिक चिकित्सा पद्धतिलाई जीवनशैलीको एउटा अभिन्न अंगको रुपमा विकसित गरी **"आफ्नो स्वास्थ्य आफ्नै हातमा, प्रदेश सरकार सबैको साथमा"** भन्ने अभियानलाई हृदयंगम गरिनेछ ।

१७२. स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण गरिनुका साथै प्रदेशमा स्वास्थ्य बीमा लागु गरिनेछ । यस प्रदेशमा जनसंख्या बृदिदर मुलुककै तुलनामा झण्डै दोब्बर रहेकोले जनसंख्या वृद्धिदर घटाउन जनचेतना लगायत परिवार नियोजनको साधनको प्रयोगमा विशेष जोड दिइनेछ । साथै "**हामी दुई, हाम्रा दुई**" भन्ने नाराका साथ जनसंख्या नियन्त्रण अभियान संचालन गरिनेछ ।

१७३. प्रदेशभित्र नीजि तथा सहकारी क्षेत्रको सहकार्यमा आँखा बैंक स्थापना गर्ने लक्ष्य लिएको छ ।

१७४. "**स्वास्थ्यको लागि वातावरण निर्माण**" अन्तर्गत स्वच्छता अभियान (व्यक्तिगत तथा वातावरणीय सरसफाई, फोहोरमैला व्यवस्थापन, मानव मलमूत्रको व्यवस्थापन), सन्तुलित तथा स्वस्थ भोजन, नियमित व्यायाम, योगा लगायतको कार्यलाई प्रोत्साहन गरिने तथा धुम्रपान, मदिरा तथा लागु औषध सेवनलाई क्रमश निरुत्साहित गर्दे लाने नीति लिइएको छ ।

१७५. मुटु रोग, क्यान्सर, किडनी रोगी तथा अन्य सघन उपचार चाहिने विरामीहरुलाई सहयोग गर्ने नीति प्रदेश सरकारले लिएको छ । साथै प्रदेशभित्र अन्तराष्ट्रियस्तरको क्यान्सर अस्पताल निर्माणगरी सञ्चा लन गर्ने नीति लिएको छ ।

## सरसफाई र खानेपानी

१७६. प्रदेशको जनताको शुद्ध खानेपानी पाउने मौलिक अधिकारलाई सुनिश्चित गरिनेछ । प्रदेशको जनतालाई शुद्ध खानेपानी प्रदान गर्न खानेपानीको विभिन्न परियोजनाहरु सञ्चालन गर्न स्थानीय सहभागिताको आधारमा कार्यनीति ल्याइनेछ । राजमार्ग आसपासको ठाउँ ठाउमा स्वच्छ खानेपानी व्यवस्थाको लागि विशेष योजना सञ्चालन गरिनेछ ।

१७७. मुख्यमन्त्री स्वच्छता अभियानलाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ । यस अभियान अर्न्तगत **स्वच्छ मधेस, समृद्ध प्रदेश** बनाउनका लागि प्रत्येक पालिकाको दलित/गरीब वस्तीमा एक समुदायीक शौचालय र सबैको पहुँच हुने गरी शुद्ध तथा स्वच्छ खानेपानीको व्यवस्थापन गरिने छ ।

१७८. १०० वटा बालिका शौचालय निर्माण प्रारम्भ भइसकेको अवस्थामा प्रदेशभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा बालिका शौचालय निर्माण गर्ने कार्यलाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ ।

१७९. प्रदेशको आठवटै जिल्लाका विभिन्न स्थानीय तहहरुमा सुलभ शौचालय बनाउने कार्य चालु वर्ष प्रारम्भ भईसकेकोले थप स्थानीय तहहरुमा समेत सुलभ शौचालय बनाउने कार्यलाई आगामी वर्ष पनि निरन्तरता दिइने छ । प्रदेशभित्रका सम्पुर्ण पालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने नीति लिइएको छ ।

१८०. मुख्यमन्त्री स्वछता अभियान अर्न्तगत अव्यवस्थित र फोहर वस्तीहरुको सरसफाईका लागि गाँउ, टोल र वस्ती सरसफाई अभियान संचालन गरिने छ । यस अभियान अर्न्तगत प्रत्येक गाउँपालिकामा एक सयदेखि एकसय पच्चास जना महिला र युवा स्वंयसेवकको दस्ता वनाई **"सफाईका लागि काम " भन्ने** नारा लिई टोल, मुहल्ला तथा पोखरी र सार्वजनिक स्थलहरुको सरसफाई तथा चेतनामुलक कार्यक्रम आयोजना गरिनेछ । स्वच्छता स्वंयसेवकलाई दैनिक ज्यालादारीको निश्चित रकम उपलब्ध गराइने छ ।

१८१. उद्योग तथा कल करखानाद्वारा हुने प्रदुषण कार्यलाई व्यवस्थित तथा नियन्त्रण गर्न प्रदेश वातावरण सम्बन्धी कानून आगमी बर्ष वनाई लागु गरिनेछ ।

१८२. मानव सभ्यता र सामाजिक विकासको वाधकको रुपमा रहेको मुख्य कारकतत्व प्लाष्टिक पोलिथिनको प्रयोगलाई निषेध गर्न यस सम्बन्धी कानून बनाई लागू गर्ने नीति लिइएको छ ।

## सामाजिक सुरक्षा

१८३. टुहुरा तथा सडक वालबालिकाहरुलाई संरक्षण, पालन पोषण गर्ने संस्थाहरुलाई सहयोग प्रदान गरिनेछ । साथै, ज्येष्ठ नागरिकहरुलाई (६० वर्ष माथि) लाई स्वास्थ्य तथा यातायात सेवामा प्राथमिकतामा राखी सहुलियत दिइनेछ । ज्येष्ठ नागरिकहरुका लागि जेष्ठ नागरिक आवास निर्माण गर्ने कार्यलाई प्रोत्साहन दिइनेछ ।

१८४. जेष्ठ नागरिक आवास निर्माण तथा व्यवस्थापन कार्यमा नीजि क्षेत्रसँग समेत हातेमालो गरिनेछ ।

१८५. बालबालिका, महिला हिंसालाई निरुत्साहित गर्न सूचना संकलन, आवश्यक संरक्षणको व्यवस्थापन गरिनेछ ।

## सँस्कृति

१८६. भाषा, कला एवम् संस्कृतिको अध्ययन, संरक्षण, विकास तथा सम्वर्द्धनको लागि **"प्रदेश भाषा, कला तथा सँस्कृति प्रतिष्ठान "** स्थापना गरिनेछ । मैथली, भोजपुरी, बज्जिका, मगही तथा प्रदेशभित्र वोलिने अन्य भाषा, साहित्य र सँस्कृतिको संरक्षण एवं समृद्धिका लागि प्रोत्साहन गरिने छ । हिन्दी भाषालाई प्रदेशको सम्पर्क भाषाको रुपमा विकास गरिनेछ ।

१८७. विभिन्न जातिय तथा सामुदायीक पहिचानलाई प्रदेशको गौरव र पहिचानसंग जोडी प्रादेशिक पहिचानको रुपमा उत्सव मनाउनका लागि प्रदेश सरकारले दिंदै आएको प्रादेशिक विदा तथा सहयोगलाई निरन्तरता दिइने छ ।

१८८. ढोल, पीपही, डम्फा, झाल, डमरु, सारंगी, घुना तिसि, करताल, सिंग्हा आदि परम्परागत बाजाहरु, समा चकेवा, झिझिया नाच, जाटजटिन, झरी, बिरजा भार, पराति, किर्तन, लचारी, अल्लाह रुदल, झरनी नाच, नृत्यकला लगायतका मौलिक तथा परम्परागत साँस्कृतिक पहिचान वोकेका साँस्कृतिक पहिचानहरुलाई संरक्षण गर्न बिशेष सहुलियत दिई साँस्कृतिक महोत्सव आयोजना गरी प्रदेशको पर्यटन विकाससंग जोडिने छ ।

१८९. प्रदेशभित्र बोलिने विभिन्न भाषाहरु तथा लोपोन्मुख हुने अवस्थामा रहेका धार्मिक एवम् साँस्कतिक महत्वका ऐतिहासिक धरोहरहरुको बारेमा अध्ययन एवम् अनुसन्धान गरिनेछ र प्रदेशको गौरवपूर्ण इतिहासमा योगदान पुऱ्याउने सामाजिक, राजनितिक, धार्मिक एवम् साँस्कृतिक क्षेत्रहरुका महत्वपूर्ण व्यक्तित्वहरुका बारेमा खोज, अध्ययन एवम् अनुसन्धान गरिनेछ। यस प्रदेशको संस्कृति, भाषा, साहित्यसंग सम्बन्धित विभिन्न पुस्तकहरु, पाण्डुलिपीहरु, दस्तावेजहरु आदिलाई संरक्षण एवं शोध कार्यको लागि जनकपुरमा प्रदेश पुस्तकालय संचालन गरिनेछ।

१९०. महोत्तरी जिल्लाको मटियानीमा रहेको संस्कृत विद्यालय र धनुषा जिल्लाको संस्कृत ज्ञानकुञ्ज विद्यालयको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

१९१. प्रदेशभित्र रहेका पुरातात्वीक महत्वका सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

# धन्यवाद